म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १९८ बिहीबार, १५ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 27 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## साधरणसभा सम्बन्धी सूचना

यस जामे मस्जिद समिति, हेटौँडा-४ को साधारण सभा तथा अधिवेशन तपशिल बमोजिमको मिति, स्थान र समयमा हुने भएकोले अनिवार्य उपस्थित भई दिनुहुनुको लागि सम्पूर्ण साधारण सदस्यहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**

**मिति:** २०८१।११।१६ गते शुक्रबार

**स्थान:** जामे मस्जिद समिति, हेटौंडा-४, भैरवरोड

**समय:** दिउँसो २:०० बजे ।

जाकिर हुसेन
सचिव
**जामे मस्जिद समिति**
हेटौंडा-४, मकवानपुर
सर्म्पक नं. : ९८४५०३०८०२

# ८८ लाख रुपैयाँ लगानीमा कैलाश गाउँपालिकाद्वारा जीपलाईन निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ मकवानपुरको बिकट मानिने कैलाश गाउँपालिकाले जीपलाइन निर्माण गरेको छ । पर्यटक आकर्षित गर्न गाउँपालिकाले ८८ लाख रुपैयाँ लगानीमा जीपलाइन निर्माण गरेको हो ।



पालिकास्तरबाटै निर्माण भएका जीपलाइन यो पहिलो हो । कैलाश गाउँपालिका-२ कैलाशमा जीपलाइन निर्माण गरेको छ । जीपलाइनको छिट्टै प्रारम्भिक परीक्षण कार्य सञ्चालन गरिँदैछ । 'जीपलाइनको काम सकिएको छ,' गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले भने, 'बाहिरका जीपलाइन सम्वन्धी प्राविधिक ल्याएर परीक्षण सञ्चालन गर्दैछौं ।' जीपलाइनको प्रारम्भिक परीक्षण सफल भएपछि पनि नियमित सञ्चालनका लागि केही समय लाग्ने गाउँपालिकाले जनाएको छ ।

जीपलाइन चढ्ने र ओर्लने स्थानमा शौचालयलगायत पूर्वाधारहरु निर्माण गर्न बाँकी रहेको छ । ८८ लाख ५६ हजार रुपैयाँमा ठेक्का लिएर २०८० चैत २ गते सम्झौता गरेको निर्माण कम्पनीले २०८१ फागुन ३० गतेसम्म निर्माण गरी सक्नुपर्ने समयावधि तोकिएको छ । निर्माणस्थल भौगोलिक रुपमा दुर्गम भएपनि तोकिएको समयमै सम्पन्न गरेको गाउँपालिकाका प्राविधिक बताउँछन् । कैलाश गाउँपालिकाको बैकुण्ठमा बिगत लामो समयदेखि बैकुण्ठ महोत्सव आयोजना हुँदै आएको थियो ।

जिपलाइन बनेपछि कैलाश-२ को मात्र नभई समग्र कैलाश गाउँपालिकाको पहिचान बढ्ने र पर्यटन प्रवर्द्धनमा पनि ठुलो टेवा पुग्ने वडाध्यक्ष राजेन्द्र घिसिङको भनाई छ । विष्णुकुण्ड, गुरु पद्मसम्भवको प्रतिमा, डाँफे मुनाल पार्क, ऐतिहासिक सतिघाट, भाइरल पिङलगायत पर्यटकीय आकर्षणहरु रहेको वैकुण्ठमा जिपलाइन अर्को ठुलो आकर्षण बन्ने भएको छ । ग्रामीण क्षेत्रमा निर्माण गरिएको जीपलाइन निरन्तर संचालनका लागि दैनिक सयौंको संख्यामा पर्यटक आउनुपर्ने हुन्छ । ति पर्यटकका लागि आवश्यक पूर्वाधार निर्माण पनि जरुरी छ ।

प्राकृतिक, धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक पर्यटनको केन्द्र वैकुण्ठ कैलाश अब साहसिक पर्यटनको गन्तव्य पनि बन्ने भएको छ । देशकै लामो जिपलाइन बनेपछि देशभरिकै आन्तरिक पर्यटकहरुको ध्यानाकर्षण गर्ने र बाह्य पर्यटकहरुको समेत आगमन बढ्ने स्थानीयको विश्वास छ । जीपलाइनको के कसरी नियमित अप्रेशन तथा ब्रेकिङ सिस्टम बारेमा अध्ययन गर्न गाउँपालिकाको टोली कास्कीको सराङकोटमा सञ्चालित जीपलाइन अध्ययन अवलोकन गर्न गएका थिए ।

मकवानपुरमा मकवानपुर गढीमा निजी क्षेत्रबाट ४ वर्षअघि जीपलाइन सञ्चालन गरिएको थियो । त्यो अहिले बन्द अवस्थामा छ । कैलाश गाउँपालिकामा निर्माण गरिएको जीपलाइन पुग्न मनहरी बजार, त्रिभुवन राजपथको चुनियाँ र थाहा नगरपालिकाको शिखर कोटबाट सवारी साधनमा २ घन्टामा पुग्न सकिन्छ । वर्षात्को समयमा बैकुण्ठसम्म पुग्नका लागि सडकका कारण समस्या रहेको छ ।

स्थानीयले भन्दा पनि कैलाश बाहिरका पर्यटक भित्राउनका लागि गाउँपालिकाले बिभिन्न खालका योजना ल्याउने तयारी गरि रहेको उपाध्यक्ष मल्लले जानकारी दिएका छन् । होमस्टे, अर्गानिक खाद्यान्ह, स्थानीय उत्पादनलाई कोसेलीको रुपमा पर्यटकले खरिद गर्नसक्ने ब्यवस्था मिलाइने गाउँपालिकाले जनाएको छ । राजमार्गको छेवैमा रहेको सुबिधासम्पन्न मकवानपुरगढीको जीपलाईनमा पर्यटकको कमीका कारण निरन्तर संचालन हुन सकेको छैन ।

# भीम विराग प्रतिष्ठानले ११ जनालाई सम्मान तथा पुरस्कृत गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपाल मकवानपुरले ११ जनालाई सम्मान तथा पुरस्कृत गर्ने भएको छ ।




फागुन १७ गते हेटौंडामा विशेष सांगीतिक तथा सम्मान कार्यक्रमको आयोजना गरी विभिन्नक्षेत्रका ११ जना सर्जक, श्रष्ठा एवम् क्रियाशील व्यक्तित्वलाई सम्मान गर्न लागिएको बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । वरिष्ठ कलासाधक भीम विराग सक्रिय रहेको साहित्य, संगीत, कला र पत्रकारिता चारवटै क्षेत्रलाई समेटेर हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा स्रष्टालाई पुरस्कार सर्मपण गर्न लागिएको प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठले जानकारी दिएका छन् ।

भीम विराग राष्ट्रिय साहित्य पुरस्कार २०८१ काठमाडौंकी साहित्यकार माया ठकुरी, राष्ट्रिय संगीत पुरस्कार २०८१ रुपन्देहीका गायक हेमन्त शर्मा, राष्ट्रिय कला पुरस्कार २०८१ मकवानपुरका कलाकार भोलाराज सापकोटा र राष्ट्रिय पत्रकारिता पुरस्कार २०८१ काठमाडौँका पत्रकार ठाकुर बेल्बासेलाई प्रदान गरिने अध्यक्ष श्रेष्ठले बताए । ति सबै पुरस्कारको राशी जनही २५ हजार रुपैयाँ रहेको छ ।

त्यसैगरी १५ हजार रुपैयाँ राशीको तुलसीमाया-शिवकुमारी सिर्जनशील नारी पुरस्कार मकवानपुरकी महिलाउद्यमी शोभा श्रेष्ठलाई प्रदान गरिने भएको छ । भीम-मथुरा बालप्रतिभा पुरस्कार मकवानपुरकै रीतिका छत्कुलीलाई समर्पण गरिने भएको छ । यो पुरस्कारको राशी नगद १० हजार रुपैंयाँ रहेको छ । त्यसैगरी १५ हजार रुपैयाँ राशीको शिला नारी पुरस्कार मकवानपुरकै मेनका श्रेष्ठलाई प्रदान गरिने भएको छ । २० हजार रुपैयाँ राशीको रामकृष्ण बानियाँ स्मृति लोकसंगीत पुरस्कार पर्वतका लोकदोहोरी गायक कुलेन्द्र विश्वकर्मालाई प्रदान गरिने प्रतिष्ठानका अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कारबाट मकवानपुरका बालसाहित्य अभियानकर्मी दीपक गौतमलाई सम्मानित गरिने भएको छ । यो पुरस्कार राशी १५ हजार रुपैयाँ रहेको छ । त्यसैगरी १० हजार रुपैयाँ राशीको मंगलादेवी स्मृति स्वास्थ्यसेवा पुरस्कारबाट मकवानपुरकै स्वास्थ्यकर्मी निर्मला ब्लोनलाई प्रदान गरिने भएको छ । यस्तै अजित सेन-कमलेश्वर गुप्ता भिन्न क्षमता पुरस्कार मकवानपुरका दृष्टिविहिन मेकानिक सुदर्शन ढकाललाई समर्पित गरिने अध्यक्ष श्रेष्ठले बताए ।

यो पुरस्कार १० हजार रुपैयाँ राशीको रहेको छ । वरिष्ठ कलासाधक विरागको नाममा स्थापना गरिएको प्रतिष्ठानले वर्षेनी सम्मान तथा पुरस्कार वितरण कार्यक्रमको आयोजना गर्दै आएको छ ।

# शान्तिटोलको सप्ताह ज्ञानमहायज्ञमा २५ लाख बढी संकलन



साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ शान्तिटोल टोलविकास संस्था हेटौंडा-६ शान्तिटोलद्वारा आयोजित श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञमा बुधवारसम्म २५ लाख भन्दा बढी रकम संकलन भएको छ ।

सप्ताहमा हेटौंडा-६ शान्तिटोल निवासी रविलाल गौतमबाट २६ हजार १ सय २६, सन्तोस प्रजा र सीता प्रजाबाट १५ हजार ५ सय ५५, प्रकाश ढुंगानाबाट १५ हजार ५ सय ५५, षडानन्द न्यौपानेबाट १५ हजार ५ सय ५५, बासुदेव सापकोटा र गोमा सापकोटाबाट १३ हजार १ सय २५, भीमसेन पौडेलबाट ११ हजार १ सय ११, रामनाथ बास्तोला र धनकुमारी बास्तोलाबाट ११ हजार १ सय १, सीताराम भट्टराईबाट ११ हजार १ सय ५५, अरुण पराजुलीबाट १० हजार १ सय ११, दीपकबहादुर सिंहबाट १० हजार ५ रुपैयाँ रकम संकलन भएको महायज्ञका आर्थिक उपसमिति संयोजक उद्ववप्रसाद गौतमले जानकारी दिएका छन् ।

हेटौंडा-६ मा रहेको विपी गणेशमान स्मृति शान्ति पार्कमा राधाकृष्ण मन्दिर र ज्येष्ठ नागरिक मिलन केन्द्र बनाउने पवित्र उद्देश्यका साथ लगाइएको सप्ताह ज्ञानमहायज्ञ १५ गतेसम्म सञ्चालन हुने छ ।

अन्तिम दिन सामूहिक ब्रतबन्ध गरिने कार्यक्रम रहेको छ । युवापण्डित बद्रीविशाल शास्त्री ढुंगाना र निर्जल पौडेल उपवाचकबाट सुमधुर संगीतका साथ दैनिक कथाप्रवचन भैरहेको छ । धर्मप्रेमी महानुभाहरुलाई प्रवचनश्रवणको लागि उपस्थित भईदिन आयोजक समितिले अनुरोध गरेको छ ।

# चेपाङ संघ जिल्ला अध्यक्षमा महेश निर्विरोध



साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ नेपाल चेपाङ संघ मकवानपुर जिल्ला कार्यसमितिको आगामी ३ वर्षे कार्यकालका लागि महेशकुमार चेपाङ निर्विरोध चयन भएका छन् ।

संघको मनहरी गाउँपालिका-७ स्थित मकवानपुर उद्योग वाणिज्य संघ पश्चिमक्षेत्र समितिको सभाहलमा फागुन १४ गते भएको सातौं अधिवेशनले उनलाई अध्यक्षमा चयन गर्दै १७ सदस्यीय कार्यसमिति निर्विरोध चयन गरेको हो । समितिको उपाध्यक्षमा शोभा चेपाङ, सचिवमा किशोर चेपाङ, कोषाध्यक्षमा भक्तबहादुर चेपाङ र सहसचिवमा अभि राना चेपाङ चयन भएका छन् । यसअघि कैलाश, राक्सिराङ, मनहरी, भीमफेदी गाउँपालिका र हेटौंडा उपमहानगरपालिकामा रहेका पालिकास्तरीय कार्यसमितिको अधिवेसन सम्पन्न भई जिल्ला अधिवेसन आयोजना गरिएको संघका केन्द्रीय अध्यक्ष गोविन्दराम चेपाङले बताए ।

अधिवेशनको उदघाटन सत्रमा केन्द्रीय अध्यक्ष गोविन्दराम, बागमती प्रदेश सरकारका भौतिक पूर्वाधार विकास पूर्वराज्यमन्त्री सन्तबहादुर चेपाङ, बागमती प्रदेश अध्यक्ष खुशीलाल चेपाङ, नेपाल आदिबासी जनजाति महासंघ मकवानपुरका कोषाध्यक्ष खेमबहादुर चेपाङ, राक्सिराङ, कैलाश र मनहरी गाउँपालिका वडाध्यक्षहरु आशिष चेपाङ, युसाई चेपाङ, हरिबहादुर चेपाङ, ठाकुरराम तितुङ, राक्सिराङ गाउँकार्यपालिका सदस्य सिंगलाल चेपाङ, नेपाल चेपाङ संघ केन्द्रीय सदस्य बिनिता चेपाङ लगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए । संघका जिल्ला अध्यक्ष पूर्णबहादुर चेपाङको अध्यक्षतामा अधिवेशनको उद्घाटन भएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

आजका कलाकारहरु
Mongolian Heart
साथमा
हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
☞निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞सूचना प्रविधि प्रदर्शनी ।
☞कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞मनोरञ्जनात्मक बाल उद्यान ।
☞नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# सम्पत्ति बेचेर कर तिर्ने

हेटौंडामा मुख्य कार्यालय रहेको नारायणी यातायात ब्यवसायी संघले चितवनको रामनगरमा रहेको जग्गा बिक्री गरी कर तिर्ने तयारी गरि रहेको छ । भौतिक संरचना बिक्री गरेर राज्यको कर तिर्नुपर्ने बाध्यता सृजना हुनुको पछाडिको रहस्य धेरै छ । मंगलबार संघको मुख्य कार्यालयमा संघका सल्लाहकार बैठकमा संघका अध्यक्ष हीरालाल श्रेष्ठले यस्तो जानकारी दिएका हुन् । करिव २ करोड रुपैयाँ कर तिर्नुपर्ने भएपछि संघको भौतिक सम्पत्ति बिक्री गरेर मात्रै करचुक्ता गर्न सकिने सम्भावना रहेको अध्यक्ष श्रेष्ठले बताएका छन् । २०७७ चैत्र ७ गते ३५ औं वार्षिक साधारणसभा गरेपछि संघले आगामी फागुन १७ गते शनिबार ३६ औं साधारणसभा गर्ने क्रममा सल्लाहकार बैठक आयोजना गरेको हो । संघको साधारणसभा तथा अधिवेसन सम्पन्न गर्न संस्था नबीकरण हुनुपर्ने, नबीकरण गर्न करचुक्ता चाहिने, कर चुक्ता गर्न भौतिक सम्पत्ति बिक्री नगरी सम्भावना नरहेको जस्तो जटिल अवस्था आएको छ ।

संघले बिगतका दिनमा मालबाहक सवारी साधनको भारबहन चेक गर्नका लागि रामनगरमा तौलपुल राख्ने उद्देश्यले जमिन खरिद गरेको थियो । हाल रामनगरमा तौलपुल बनिसकेको अवस्थामा त्यो जमिन बिक्री गर्ने ब्यवसायीहरुसँग छलफल भइरहेको अध्यक्ष श्रेष्ठले बताए । सामाजिक रुपमा राम्रो छबि बनाएको संघले जग्गा बेचेर राज्यको कर तिर्ने तयारी गरेको समाचार सामान्य समाचार होइन । २०३६ सालमा स्थापना भएको संघको गरिमा कायम गर्नका लागि भएपनि संस्था नबीकरण गर्ने र नयाँ नेतृत्व चयन गर्ने तयारीमा बर्तमान नेतृत्वले काम गरिरहेको बताइएको छ । शिक्षा, स्वास्थ्य, यातायात, संचार, धर्म, संस्कृति, प्राकृतिक प्रकोप आदि क्षेत्रमा संघले धेरथोर सहयोग गर्दै आएको थियो । सवारी दुर्घटनाको समयमा संघले संगठित रुपमा समस्या समाधान गर्दै आएको छ । पछिल्लो सयमा स्वरोजगार यातायात ब्यवसायीको संख्या बढ्दै गएको छ । लामो समय अरुको ट्रक चलाएर जीवन निर्वाह गरेका मजदुरले घरखेत धितो राखेर आफैं मालिक आफैं मजदुर बनेर स्वरोजगारमूलक काम गरिरहेका छन् । स्वरोजगार ब्यवसायीलाई पेशामा टिकाउनका लागि संघले महत्वपूर्ण योगदान दिएको बताइएको छ । यातायात व्यवस्था विभागले सरोकारवाला यातायात ब्यवसायीलाई पूर्णरुपमा वेवास्ता गरी 'यातायात व्यवस्थापन कार्यविधि निर्देशिका (संशोधित २०७४)' जारी गरेपछि २०७५ बैसाख ४ गते मन्त्रिस्तरीय निर्णयबाट संस्था दर्ता ऐन २०३४ अन्तर्गत स्थापित यातायात क्षेत्रका सम्पूर्ण संघसंस्थालाई नवीकरण नगर्ने निर्णय गरेको थियो ।

देशभरका यातायात ब्यवसायसँग सम्बन्धित सम्पूर्ण संघसंस्था तथा समितिहरु एकसाथ खारेज गरेको थियो । यातायात क्षेत्रमा हुने सवारी दुर्घटनाको सहजीकरण गर्दै आएको संघ खारेज गर्ने कार्यसँग संघको कार्यालयमा धरपकड गर्ने, पदाधिकारीलाई पक्राउ गर्ने जस्ता कदम सरकारले उठाएपछि यातायात ब्यवसायी पीडामा परेका थिए । सरकारले संघको संरचना खारेज गरी बैंक खाता रोक्का गरेपछि साविक नारायणी यातायात व्यवसायी संघको पूर्णबैठकले मिति २०७५/३/२२ गते संघको भगिनी संस्थाको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेको नारायणी संघ हेटौंडाले ब्यवसायीको समस्या समाधानको प्रयास गर्दै आएको थियो । २०७५ फागुन १९ गतेको राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ अनुरुप नारायणी यातायात व्यवसायी संघको रुपान्तरित कम्पनीको रुपमा स्थापना भएको पुरानो नारायणी यातायात कम्पनी प्रालि दर्ता गरेर संघका नेतृत्वले ब्यवासयीका दुर्घटना, बीमा दायित्वलगायत विषयमा काम गर्न थालेको थियो । ढुवानी तथा तौलपुल बन्द गर्न सरकारीसंयन्त्र नै अग्रसर भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन १६ गते शुक्रबार २८ फेब्रुअरी २०२५ । औंशी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:३१, सूर्यास्त ६:०३ । ग्याल्पो (शेर्पा) ल्होसार ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : साझेदारी कार्यमा विवाद | तुला | : स्थानान्तरण हुनसक्ने |
| वृष | : दैनिक आयमा कमी | वृश्चिक | : दुस्चिन्ताले पिरोल्ने |
| मिथुन | : मांगलिक कार्य सम्पादन | धनु | : यात्रामा भयले सताउने |
| कर्कट | : कार्यमा बाधा | मकर | : उपचार खर्च वृद्धि हुने |
| सिंह | : आकस्मिक लाभ हुने | कुम्भ | : मानसम्मान मिल्ने |
| कन्या | : अर्थहानि हुने | मीन | : जोस एवम् जांगर बढ्ने |

# माटो हाम्रो जीवित साथी



✍ दिनेश पाण्डे

शताब्दीयौँदेखि माटोको उर्बरता पुन: पूर्तिका लागि परम्परागत खेतीले गोठेमल जस्ता प्राङ्गारिक मलहरूको प्रयोगलाई मान्यता दिएको छ, जसले माटोलाई पोषक तत्व दिन्छ र स्वस्थ राख्छ ।



एउटा घरमा परिवारका सबै जना आ-आफ्नो काममा व्यस्त छन् । बुबा भैंसी दुहुनुहुन्छ, गाईभैंसीलाई घाँस-पानी दिनुहुन्छ, अनि गोठ सफा गर्दै मल (भकारो) संकलन गर्नुहुन्छ, जुन पछि खेतमा मलको रूपमा प्रयोग गरिन्छ। आमा भान्सामा खाना पकाइरहनुभएको छ, दाजु सानी बहिनीलाई गृहकार्यमा मद्दत गर्दै हुनुहुन्छ । सबैको आ-आफ्नो काम छ, जसले घर राम्रोसँग चलेको छ । यो कथा नौलो होइन, हाम्रो समाजमा यस्तो दृश्य बारम्बार देखिन्छ ।

अब माटोभित्र लुकेको अदृश्य शहरको कल्पना गरौं । वैज्ञानिकहरूले हाम्रो बगैंचा, करेसाबारी वा खेतमा देखिने धुलो जस्तो कणलाई 'माटो' भन्छन् । माटो केवल पृथ्वीको बोटबिरुवा उम्रिने सतह मात्र होइन, यहाँ त अरबौं जीव बस्छन् । गँड्यौला, ब्याक्टेरिया, ढुसी, नेमाटोड्स, आइसोपोड्स र अरू धेरै ।

हाम्रो घरका सदस्यहरू जस्तै गँड्यौलाले माटोलाई खुकुलो बनाउँछन्, ब्याक्टेरियाले मललाई पोषणमा बदल्छन्, केही अन्य जीवहरू माटो सफा गर्छन्, केही किसानले जस्तै माटोमा मल बनाउँछन् र अरू केही वैज्ञानिक जस्तै माटोभित्रका सबै प्रक्रियालाई व्यवस्थापन गर्छन् । माटो पृथ्वीमा हुने सबैभन्दा रोचक र जटिल पर्यावरणीय प्रणालीहरूमध्ये एक हो । सधैं खनीखोस्री गर्ने माटोका बारेमा हामीले कति बुझेका छौं त !

आखिर माटो के हो ? माटो पानी, हावा, खनिज र प्राङ्गारिक पदार्थको संयोजन हो । सामान्यतया माटोमा ४५ प्रतिशत खनिज, २० देखि ३० प्रतिशत पानी, २० देखि ३० प्रतिशत हावा र ५ प्रतिशत प्राङ्गारिक पदार्थ (मरेका बोटबिरुवा र जनावरहरूको भाग) हुन्छ । हावा र पानी माटोको छिद्रहरूमा मिलेर बसेका हुन्छन् । माटोमा हावा र पानीको मात्रा लगभग बराबर भएको उचित मानिन्छ । माटोमा प्राङ्गारिक पदार्थको मात्रा सबैभन्दा कम भए तापनि यसले माटोको स्वस्थता, पौष्टिकता र उत्पादकत्वलाई निकै प्रभाव पारेको हुन्छ ।

के माटो जीवित वस्तुहरूले भरिपूर्ण छ भनेर हामी विश्वास गर्न सक्छौं ? यदि एउटा सानो चिया चम्चा माटो उठाउँछौं भने त्यसमा संसारको हालको जनसंख्याभन्दा (८ अर्ब) धेरै गुणा बढी जीवहरू हुन सक्छन् । अर्थात् माटो असंख्य जीवहरूको विशाल घर हो। माटोमा रहेका जीवहरूले पनि हामी जस्तै खाना खान्छन्, बढ्छन्, अक्सिजन प्रयोग गर्छन् र कार्बनडाइअक्साइड उत्सर्जन गर्छन् । यसरी माटो एक गतिशील पदार्थ हो, जसले माटोभित्रका जीवहरूलाई प्रभाव पार्छ र जीवित वस्तुहरूबाट पनि प्रभावित हुन्छ ।

माटोका विभिन्न भागहरू (जस्तै: चट्टानको आकार, पोषण र पानीको मात्रा) अनुसार त्यहाँ विभिन्न जीवहरू बसोबास गर्छन् । यी जीवहरू मिलेर एउटा सानो समुदाय बनाउँछन् । माटोका साना कणहरू वा जीवित वस्तुमा बस्ने साना जीवहरूलाई सूक्ष्मजीव भनिन्छ। उदाहरणका रूपमा माटोमा ढुसीहरू हुन्छन् जसको आकार सानो र जरा जस्तो हुन्छ र यी ढुसीहरूले अन्य जीवहरूसँग सम्पर्क गरेर जानकारी आदानप्रदान गर्छन् । त्यस्तै ब्याक्टेरिया जस्ता सूक्ष्मजीवलाई माइक्रोस्कोप विना देख्न सकिँदैन। बोटबिरुवाका जरामा बस्ने साना जीवहरूलाई राइजोस्फियर सूक्ष्मजीव भनिन्छ ।

सबैभन्दा रोचक कुरा, माटोका सूक्ष्मजीवहरूले आपसमा र अन्य बोटबिरुवा तथा जनावरहरूसँग पनि संवाद गर्न सक्छन् । यस्तो संवादलाई रासायनिक संवाद भनिन्छ, जसमा साना अणुहरूको प्रयोग गरिन्छ । यी अणुहरू परमाणु नामक साना बलहरूको समूहबाट बनेका हुन्छन् । यस्ता परमाणुहरू कार्बन, हाइड्रोजन, अक्सिजन र नाइट्रोजन जस्ता महत्त्वपूर्ण तत्वहरू मिलेर बनेका हुन्छन्, जसले पानी र कार्बनडाइअक्साइड जस्ता अणुहरू बनाउँछन् । यस्ता अणुहरूको विशेष संयोजनले माटो र जीवनका विभिन्न प्रक्रिया चलाउँछन् ।

केही अणुहरू ग्याँसका रूपमा माटोको हावाका छिद्रहरूबाट एक ठाउँबाट अर्को ठाउँमा जान्छन् । ठिक हामीले फूलको वा ताजा पाकेको रोटीको बास्ना नाकले थाहा पाउँदा जस्तै बोटबिरुवाका जराले पनि यी ग्याँसहरूको बास्ना थाहा पाउँछन् ।

रासायनिक संवाद केवल सूक्ष्मजीवबाट बोटबिरुवासम्म मात्र होइन, दुईतर्फी पनि हुन्छ । बोटबिरुवाले पनि सूक्ष्मजीवहरूले बुझ्न सक्ने अणुहरू उत्पादन गर्छन् । 'अवतार २- पाण्डोरन न्यूरल नेटवर्क' नामक चलचित्रले यस विषयमा सरल रूपमा बुझाउन खोजेको छ। जसमा पाण्डोराका वनस्पति र जीवजन्तुहरूले एकअर्कासँग कसरी सञ्चार गर्छन् भन्ने कुरा स्पष्ट देखाइएको छ ।

कुनै पनि बिरुवाको वृद्धि र विकासको लागि रासायनिक तत्वहरू आवश्यक हुन्छन्, जसमा १८ वटा तत्वहरू विशेषगरी महत्वपूर्ण छन् । यी आवश्यक तत्वहरू बिरुवाले दुई विभिन्न स्रोत- माटो र हावाबाट प्राप्त गर्छ। प्राय: माटोका सूक्ष्मजीवहरूले बोटबिरुवाका लागि आवश्यक पोषकतत्त्व उपलब्ध गराएर तिनीहरूको वृद्धि र विकासमा मद्दत गर्छन् ।

उदाहरणको लागि, राइजोबियम ब्याक्टेरियाले हावामा रहेको नाइट्रोजनलाई अमोनियामा रूपान्तरण गर्छ, जसलाई बोटबिरुवाले आफ्नो वृद्धि र विकासको लागि उपयोग गर्छ । सूक्ष्मजीवहरूले बोटबिरुवालाई रोगजनक ब्याक्टेरिया र शत्रुजीवसँग लड्नमा पनि सहयोग पुर्‍याउँछन्। यद्यपि, वातावरणका निर्जीव तत्वहरू जस्तै, सूर्यको प्रकाश, तापक्रम र पानीका फाइदाजनक र हानिकारक प्रभावहरू हुन्छन् । उदाहरणका लागि पानीको कमीले बोटबिरुवालाई कमजोर पार्न सक्छ । यस्ता कठिन परिस्थितिहरूमा लाभदायक सूक्ष्मजीवहरूले बोटबिरुवालाई जिउन र विकास गर्न सहयोग गर्छन् ।

अत: माटो एक जीवित र जटिल प्रणालीको रूपमा बुझ्न सकिन्छ, जसको स्वास्थ्यका लागि माटोका जीवाणुहरू महत्त्वपूर्ण छन् । किसानको दृष्टिमा, माटोको मुख्य उद्देश्य बाली उत्पादन गर्नु हो, जसका लागि माटोले पर्याप्त पानी, पोषकतत्वहरू र शत्रुजीव नियन्त्रणको वातावरण प्रदान गर्नु आवश्यक छ ।

यसरी स्वस्थ माटो भनेको बालीको दिगो उत्पादनको लागि यी सबै कुराहरू मिलाएर माटोले निर्वाह गर्ने भूमिका हो । हाम्रा खेती विधि र अभ्यासहरूले माटो प्रणालीमा बिरुवाका पोषकतत्वहरूको प्रवाह र सन्तुलनलाई विभिन्न स्रोतहरूबाट मद्दत पुऱ्याएको छ ।

शताब्दीयौंदेखि माटोको उर्बरता पुन: पूर्तिका लागि परम्परागत खेतीले गोठेमल जस्ता प्राङ्गारिक मलहरूको प्रयोगलाई मान्यता दिएको छ, जसले माटोलाई पोषकतत्वहरू दिन्छ र स्वस्थ राख्छ । कम्पोस्ट पशुपालन र जनावरको मल स्रोतलाई कुहाएर बनाएको एक प्राङ्गारिक मल हो । जनसंख्या वृद्धिसँगै, आजको समयमा जमिनको उत्पादकत्वमा वृद्धि गर्नुपर्ने चर्को दबाब बढेको छ र रासायनिक मल तथा विषादीहरूको प्रयोग बढ्नुले माटोको स्वास्थ्यलाई नोक्सान पुऱ्याउन सक्छ, त्यसैले यसमा सतर्कता अपनाउनु आवश्यक छ ।

माटो हाम्रो साथी हो । माटो पनि हामी जस्तै जीवित छ। माटोले मानिसलाई बाँच्न मद्दत गर्छ । त्यसैले माटोको हेरचाह गर्नुपर्छ । यसको स्वास्थ्यलाई जोगाउनुपर्छ । माटोले हाम्रो विगत, वर्तमान र भविष्यको कथा बोकेको हुन्छ । यसले हामीले गरेको हेरचाह र परिवर्तनहरूलाई सम्झिन्छ । एक दिन माटोले हामीलाई पनि सम्झनेछ । त्यसैले माटोको संरक्षण र यसको स्वास्थ्यमा हाम्रो भूमिकालाई हामीले जानी-बुझिकन गम्भीर रूपमा लिनु आवश्यक छ ।

*(साभार: अनलाइनखबर)*

# मानवसेवा आश्रम र सामाजिक सुरक्षा

✍ पुष्करराज प्रसाई

हाम्रो समाजमा मानवसेवा भन्नाले मानवजातिका समग्र कल्याणका कार्यहरु पर्दछन् । यसमध्ये सडकमा अलपत्र परेका, बेसहारा अवस्थामा रहेका, बस्ने बास, खाने गाँस, लगाउने नाना र उपचार नपाएका सडक मानवहरुको स्थिति विकराल र दर्दनात्मक छ । यस स्थितिमा रहेका सडक मानवहरुको उचित व्यवस्थापन मानवसेवा आश्रम नामक संस्थाले गर्दै आएको छ । यस्ता मानवसेवा गर्ने कुरा तनखामा काम गर्नेले गर्न सक्तैनन् । जुन बेला सेवाको आवश्यक पर्दछ, त्यति बेला नै गरिने कर्म भएकोले यसमा ड्युटी आवर हेरिँदैन ।

यो नितान्त सेवाभाव र त्यागमा आधारित कार्य हो । यस्ता कार्य राज्यले भन्दा अन्तरफदयबाटै सेवाभाव जागृत भएका मानवतावादीहरुले मात्र गर्न सक्छन् । सोही सेवाभावका साथ मानवसेवाको अनुपम उदाहरणीय कार्य गरिआएको हुनाले यही फागुन ७ गतेको प्रजातन्त्र दिवसको अवसर पारेर नेपाल सरकारले यस संस्थाका संस्थापक अध्यक्ष रामजी अधिकारीलाई ५ लाख राशिको प्रधानमन्त्री राष्ट्रिय युवा प्रतिभा पुरस्कारबाट पुरष्कृत गर्ने निर्णय भएको जानकारीमा आएको छ ।

यस निर्णयबाट मानवसेवाका क्षेत्रमा काम गर्ने सबैलाई उत्प्रेरणासहित खुशी र गौरव महसुस गराएको छ । किनकि यो निर्णय सही भएको र ठीक पात्रको छनोट भएको देखिन्छ । यसै विषयमा यस आलेखमा चर्चा गर्न खोजिएको छ । मिति २०६९ साल भाद्र १३ गते रामजी अधिकारीको संस्थापक नेतृत्वमा २०८२ सालसम्म सडक मानवमुक्त बनाउने र विश्वमा मानवीयताको देशको रुपमा नेपाललाई चिनाउने अभियानका साथ यो संस्थाको स्थापना भएको पाइन्छ । सो लक्ष्य नेपाल सरकारको घोषणामा पनि परिसकेको अवस्था छ ।

यस संस्थाको स्थापनाकालदेखि नै आमाबुबा जीवित देवता हुन् भन्ने चेतना समाजमा अभिवृद्धि गरी ज्येष्ठ नागरिकहरुप्रति सम्मान र आदरपूर्ण व्यवहार प्रदर्शन गर्न समाजलाई उत्प्रेरित गर्दै आएको छ । यस संस्थाले एक दशक वर्षभन्दा बढी समयदेखि सडकमा आश्रित बेसहारा मानिसको उद्धार, पुनर्स्थापना र परिवारमा पुनर्मिलनसहितका पवित्र मानवीय कार्य एकसाथ कुशल व्यवस्थापनका साथ सञ्चालन गर्दै आएको देखिन्छ, जुन कार्यको जति प्रशंसा गरे पनि अपुग नै हुन्छ । अधिकारीले आफ्नो २३ वर्षको उमेरदेखि मेची-महाकाली अभियानअन्तर्गत कुहिएर शरीरमा कीरा परी जीवनको अन्तिम श्वास फेरिरहेकी सहयोगापेक्षी बूढी आमा, मानसिक स्वास्थ्य ठीक नहुँदा सडक जीवन जिउन पुगेकी बलात्कृत महिलाबाट जन्मेका बालबालिकाको समेत उद्धार गर्दै आउनुभएको पाइन्छ ।

अहिले यो संस्थाको विस्तारको क्रममा ७ प्रदेशको १९ जिल्लामा २४ वटा सेवा केन्द्र विस्तार भइसकेको छ । जहाँ १ हजार ७ सयभन्दा बढी सहयोगापेक्षी आश्रित रहेका पाइन्छन् । यो मानवसेवाको कर्मलाई संघीय, प्रदेश र स्थानीय तिनै तहका सरकारहरुले अत्यन्त सहयोगी भावनाका साथ प्रशंसा, सहयोग, सहकार्य गर्दै आएका छन् । यसको शाखा सातै प्रदेशसहित दुर्गम भेग कर्णालीमा समेत सञ्चालन गर्ने योजनाका साथ काम भइरहेको बताइएको छ । हाल पोखराको हेम्जामा ६३ रोपनी जग्गामा विस्तृत योजनाका साथ सुविधा सम्पन्न मानवसेवा आश्रमको भवन निर्माण भइसकेको र मकवानपुर, चितवन र काठमाडौंमा केही महिनाभित्रमा सडक मानवमुक्त बनाइने योजनाका साथ काम भइरहेको पनि जानकारीमा आएको छ । यसरी सबै गतिविधि हेर्दा यस धर्तीमा विनाश र निरास फैलाउने खराब मान्छे मात्र नभएर सकारात्मक सोच र रचनात्मक जीवन जिउने मानवतावादीहरु पनि रहेछन् भन्ने महसुस हुँन आउँछ ।

सो संस्थामार्फत मानवसेवाका क्षेत्रमा भए/गरेका गतिविधिहरु भिडियोमा पनि देख्न, हेर्न सकिन्छ । सो देख्दा, हेर्दा जो-कोहीका आँखा रसाएर आउँछन् । यसरी भावुक हुनु स्वाभाविकै हुन्छ । किनकि नेपालीको मन कोमल हुने कारण अरुको रुवाइमा आफ्ना आँखा रसाउने नेपालीको स्वभाव नै हो । यो स्वभावले नै आजसम्म वसुधैव कुटुम्बकंलाई व्यवहारमा उतार्न सफल रहेका छौं । एउटालाई दु:ख पर्दा अर्कोले सहयोग गर्ने अमूल्य संस्काररुपी पुँजी हामीले सुरक्षित राख्न सफल भएका छौं । दया नै परमोधर्म, पापाय परपीडनम् भन्ने आदर्शबाट अनुप्राणित हामीमा परोपकारी भाव व्यवहार रहनु कुनै अनौठो कुरा होइन । मनुष्य जुनीका चार पुरुषार्थहरु भनेका धर्म, अर्थ, काम, मोक्ष हुन् ।

यी चारै कुराको प्राप्ति धर्मको रक्षाबाट मात्र सम्भव हुने कुरा हाम्रा शाश्वत शास्त्रहरुले बताएको पाइन्छ । हाम्रा सम्पूर्ण शास्त्रहरुको सार भनेकै दीनदु:खीमाथि दया गर्नु र अरुको मन नरुवाउनु हो । त्यसैले हरेक सेवाप्रदायक संस्था र मानवले 'काम छ र नै म छु अनि मलाई पत्याएर नै जिम्मेवारी दिइएको हुँदा सो जिम्मेवारी मैले पूरा गर्नुपर्छ' भन्ने अन्तरबोध गर्न सक्नुपर्दछ । यो अन्तरबोध गर्न सक्नु नै मानवता हो ।

मानवतासँग नैतिकता अभिन्न रुपले गाँसिएर आएको हुन्छ । संस्था आफैं बोल्ने, चल्ने होइन । संस्था सञ्चालन गर्ने मान्छेले हो । नैतिकता संस्थासँग होइन, व्यक्तिसँग हुने हो । यसको अभिव्यक्त मानव व्यवहारबाट हुने गर्दछ । त्यसैले मानवले मानवोचित व्यवहार गर्न चुक्नुहुँदैन । अत्यन्त सहयोगी भावनाका साथ प्रशंसा, सहयोग र सहकार्य गर्नुपर्छ । तर यसरी सेवाको काम गरिरहँदा आँखा चिम्लिएर केही नहेरी गर्न सक्नुपर्दछ भन्न खोजिएको पनि होइन । खाने, बस्ने, स्याहार-सम्भार गर्ने मानिस हुँदाहुँदै पनि मागिखाने बानी परेका व्यावसायिक ठगी गर्नेहरु पनि छन् ।

त्यस्ताप्रति सचेत हुनु पनि पर्छ । त्यस्ता मगन्तेहरुको पहिचान पनि गर्न सक्नुपर्दछ । त्यसै गरी पारिवारिक पुनर्मिलनको कार्यक्रम पनि सञ्चालन गर्नुपर्ने हाम्रा सामु चुनौतीको रुपमा रहेको छ । त्यति मात्र होइन, छिमेकी देश भारतबाट खुला सिमानाको दुरुपयोग गर्दै मगन्ते तथा सडकमानव नेपाल प्रवेश गरी सडक मानवको डम्पिङ साइट बनाउन सक्ने सम्भावनातर्फ पनि सचेत हुनु जरुरी देखिन्छ । हामीले हाम्रो नेपालको मात्र सडक मानवमुक्त गराउन सक्छौं । छिमेकी देशबाट आयातीत सडकमानवको व्यवस्थापन गर्न भने हामीसँग सामर्थ्य छैन ।

आफ्नै देश नेपालको हकमा पनि केही वर्ष मात्र यो अभियान जारी राख्ने हो । हाम्रो चाहना त वास्तवमा यस्ता संस्थाको आवश्यकता नै नपरोस्, सबै नेपालीको उचित व्यवस्थापन आ-आफ्नै घरमा हुन सकोस्, कसैले सडकमा आउनुपर्ने अवस्था नै सृजना नहोस् भन्ने हो । तर पनि हामीले सडकमा यस्ता विक्षिप्त मनोरोगीहरु, बेसहाराहरु, बालबालिकाहरु अलपत्र परेर बसेका अवस्थामा देख्नुपरिरहेको छ । यस अवस्थाको अन्त्य नभएसम्म यस अभियानलाई अगाडि बढाउनुको विकल्प छैन ।

मानवसेवारुपी समाजकल्याणको कार्य गरी आफ्नो जीवन धन्य बनाउनु हामी सबै मानवजातिको कर्तव्य नै हो । हाम्रो समाजकल्याण ऐन २०४९ को दफा २ को (क) मा समाजकल्याण कार्यको परिभाषा गरिएको छ । जसअनुसार समाजमा कमजोर, असहाय र अशक्त व्यक्तिको लागि सहयोग पुऱ्याउन र समाजका पिछडिएका वर्गलाई आर्थिक एवं सामाजिकरुपमा सक्षम बनाउन गरिने सामाजिक कार्य सम्झनुपर्दछ भन्ने व्यवस्था गरी ऐ ऐनको दफा ३, ४ मा समाजकल्याणका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न निर्देशित गरिएको पाइन्छ ।

त्यसै गरी ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ मा ज्येष्ठ नागरिकहरुलाई विभिन्न तहमा विभाजन गरिएको छ । जसअनुसार ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक छन् । तिनीहरुको उचित व्यवस्थापनको लागि हेरचाह केन्द्र, दिवा सेवा केन्द्रको व्यवस्था गरिनुपर्ने ऐनले निर्देशित गरेको छ । सो ऐनको प्रस्तावनामा नै ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा आदर तथा सद्भावको अभिवृद्धि गर्ने सम्बन्धमा तत्काल व्यवस्था गर्नुपर्ने वाञ्छनीय भएकोले भनी ज्येष्ठ नागरिकहरुलाई महत्वपूर्ण स्थान दिइएको देखिन्छ ।

सोही ऐनको दफा ३-४ मा ज्येष्ठ नागरिकप्रति श्रद्धा गर्नुपर्ने र पालनपोषण, हेरचाहको दायित्व समाज र परिवारप्रति रहने प्रस्ट पारिएको छ । त्यसै गरी बालबालिका सम्बन्धी ऐन २०५६ को संशोधनमा बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक विकासको निमित्त समयानुकूल ऐन बनाउन वाञ्छनीय भएको भन्ने प्रस्तावनामा व्यवस्था गरी दफा २ मा बालकलाई हेरचाह गर्ने अधिकारी र बेवारिसे बालकको परिभाषा गर्दै विभिन्न दफाहरुमा उनीहरुको हक-अधिकारको व्यवस्था गरिएको पाइन्छ ।

तसर्थ हामीले मानवताको हिसाबले मात्र नभएर लोककल्याणकारी राज्यको मर्मअनुसार संविधान, ऐन बनाएर गरिएका प्रतिबद्धताहरु क्रमश: पूरा गर्दै जानु हामी सबैको कानुनी र नैतिक दायित्व हो । यसकारण हराएको मानवतालाई समाजमा पुनर्स्थापित गरौं । कर्मले नै मानवलाई महान् बनाउँछ भन्ने मान्यतालाई आत्मसात् गरी मानवसेवामा समर्पित भएर आफ्नो साधना, सेवा र त्यागद्वारा आफू महान् बनौं । मानवसेवा आश्रमलाई सबैले सहयोग गरौं ।

*(साभार: न्यूज अफ नेपाल)*

# माओवादी आधार इलाकामा बौरिँदै कांग्रेस



रोल्पा/रोल्पा सदरमुकाममा सीमित छन् ठूला भवनहरू । यीमध्ये एक हो नेपाली कांग्रेस रोल्पाको कार्यालय । वडा नं. ४ मा करिब दुई रोपनी क्षेत्रफलमा फैलिएको यही कार्यालयबाट कांग्रेस रोल्पाले आफ्ना गतिविधि सञ्चालन गर्छ । कार्यालयमा छन् दुई सय जनाभन्दा बढी अट्ने कार्यक्रम हल, जिल्ला समितिको बैठक कक्ष, पुस्तकालयसँगै छ भातृ संस्थाहरूका लागि छुट्टाछुट्टै कक्षहरू पनि ।

२०७३ सालतिर तत्कालीन जिल्ला सभापति अमरसिंह पुनले पार्टीको व्यवस्थित जिल्ला मुख्यालय बनाउने कामको पहलकदमी लिएका थिए । ४ करोड लागतमा बनेको चार तले भवनका तेस्रो र चौथो तलाको 'फिनिसिङ' भने बाँकी नै छ । तेस्रो तलामा अतिथि कक्ष र चौथोमा पार्टी सभापतिका लागि निवास बनाउने परिकल्पना गरेर निर्माण कार्य भइरहेको लुम्बिनी कांग्रेसको सभापति रहेका अमर पुन बताउँछन् । रोल्पा कांग्रेसको लिवाङस्थित यो कार्यालयले उठेको मनोबललाई संकेत गर्छ ।

**पार्टी सदस्य र संरचना बढाइरहेको कांग्रेस**

सशस्त्र युद्धको समय रोल्पा कांग्रेसका लागि सर्वाधिक प्रतिकूल अवस्था थियो । कांग्रेस नेता कार्यकर्ता गाउँ बस्ने अवस्था थिएन । त्यो समय रोल्पा कांग्रेसले आफ्ना १२२ नेता कार्यकर्ता गुमाएको थियो । संगठित भएकै आधारमा माओवादीको निशानामा पर्ने भयले कांग्रेसमा आबद्धता त्याग्नेको संख्या उल्लेख्य थियो । शान्तिप्रक्रिया सुरु भएसँगै ब्युँतन थालेको रोल्पा कांग्रेसका मृतप्राय: संगठनमा आबद्ध क्रियाशील सदस्यको संख्या अहिले चार हजार ६ सय नाघिसकेको छ ।

अहिले रोल्पाका सबै (७२) वडामै कांग्रेस संगठन विस्तार भएको छ । कांग्रेसको संगठन सबै वडा (जिल्लाभर कूल ७२ वडा) मा बनेको छ । संघ र प्रदेशमा नतिजा आफ्नो पक्षमा पार्न नसकेको कांग्रेसले पालिकामा भने शक्ति बढाउँदै लगेको छ । गत स्थानीय तहको निर्वाचनमा १० पालिकामध्ये रुन्टीगढी र सुकीदह पालिकामा अध्यक्ष र उपाध्यक्षमा जित हात पारेको छ ।

सुकिदहमा अध्यक्ष र उपाध्यक्ष सहित पाँच वडा जिताएका ७० वर्षीय पूर्व कर्मचारी मीनबहादुर खड्का पार्टी सभापतिको भूमिका छन् । २०७४ र २०७९ सालको स्थानीय तहको नजिताले पनि उक्त पालिकामा कांग्रेसको शक्ति बढिरहेको स्पष्ट हुन्छ । सुकिदहमा २०७४ सालमा एउटा वडामात्रै जितेको कांग्रेसले गत चुनावमा भने अध्यक्ष, उपाध्यक्षसहित पाँच वडाध्यक्षमा जित निकालेको छ । युद्धकालीन समयमा शरणार्थीको जस्तो जीवन बिताएको स्मरण गर्दै कांग्रेस सुकिदहका सभापति खड्का भन्छन्, 'अहिले त कांग्रेसको अवस्था एकदमै राम्रो छ, हामी अझै विस्तारित हुन्छौं ।'

रोल्पामा माओवादी केन्द्र पहिलो दल हो भने कांग्रेस दोस्रो । २०६४ सालयता भएका निर्वाचनमा कांग्रेसका उम्मेदवारले मतान्तर निरन्तर घटाउँदै लगेका छन् ।

**माओवादीसँग विवादै विवाद**

प्रतिस्पर्धी दुई दल बीचमा बेलाबेला विवाद भइरहन्छ । कांग्रेस जिल्ला नेताहरूका अनुसार पालिकाको नामबारे विवाद अझै कायम छ । २०७४ सालमा सुकिदह गाउँपालिकाको नाम परिवर्तन गरेर माओवादीले गंगादेव बनाउने निर्णय गरेको थियो । युद्धको क्रममा माओवादीका तर्फबाट ज्यान गुमाएका गंगा र देवको नाममा पालिकाको नाम राखिएको थियो ।

अहिले स्थानीय सत्ता चलाउने जिम्मा पाएपछि कांग्रेसले पालिकाको नाम उल्ट्याइदिएको छ । तल्लो तहबाट आएका सिफारिसका आधारमा संघीय सरकारले गंगादेव गाउँपालिकाको नाम परिवर्तन गरी सुकिदह नै कायम गरेको छ । अहिले नाम परिवर्तनको यो विवाद अदालत पुगेको छ । उक्त पालिकामा कांग्रेसबाट जितेका अध्यक्ष हरि बहादुर पुन लुम्बिनी सभापति अमर सिंह पुनका भाइ हुन् । ११ फागुनमा रोल्पा पुगेका महामन्त्री गगन थापाले भने, 'परिवारका सदस्यका नाममा गाउँपालिकाको नाम राख्ने अभ्यास कांग्रेसलाई स्वीकार्य हुन्न ।'

**केन्द्रलाई लाग्छ- रोल्पामा कांग्रेस छ र ?**

कांग्रेस विभाजित हुँदा नेपाली कांग्रेस प्रजातान्त्रिकबाट भीमकुमारी बुढा केन्द्रीय सदस्य भएबाहेक रोल्पाबाट केन्द्रीय तहमा पुग्ने नेता छैनन् । १४औं महाधिवेशनमा रोल्पाका मनोजमणि आचार्यले केन्द्रीय सदस्यमा उम्मेदवारी दिए पनि निर्वाचित हुन सकेनन् । पूर्व सांसद आचार्यको बुझाइमा रोल्पामा कांग्रेस छ भन्ने महसुस पार्टी केन्द्रले नै गर्न सकेको छैन ।

माओवादीको उद्गम थलोको परिचय बनाएको थवाङमा कांग्रेस विस्तार गर्न खटिरहेका स्थानीय नेता कार्यकर्ता केन्द्रसँग रुष्ट देखिए । माओवादीको दबदबा रहेको थवाङका कांग्रेस सभापति खरिलाल डाँगीसँग गुनासोसँगै असन्तुष्टि पनि व्यक्त गरे । थवाङमा कांग्रेस छ र यहाँ कांग्रेस बन्न कति मुस्किल छ भनेर केन्द्रीय नेताहरूले नै बुझ्न नसकेको उनको गुनासो छ । कांग्रेसका कारणले थवाङमा विकास निर्माणका यी-यी काम भए भनेर देखाउन सकिने अवस्था पनि नरहेको उनले सुनाए ।

'केन्द्रका हाम्रा नेताले माखो नमार्ने रहेछन् । २/३ किलोमिटर बाटो खन्न पैसा मागेको, अहँ केही गरेनन्' डाँगीले भने, 'थवाङमा ५० रूपैयाँको काम पनि हाम्रा नेताले गरेका छैनन् ।' जनप्रतिनिधि र पार्टीबीच समन्वय नभएको गुनासो केन्द्रदेखि वडा तहसम्मका कांग्रेस पंक्तिभित्र छलफल हुन्छ । जनप्रतिनिधि भइसकेपछि पार्टीको सुझाव र परामर्श बेवास्ता गर्ने गरेको अधिकांश नेता कार्यकर्ता गुनासो गर्छन् ।

अर्कोतर्फ, जनप्रतिनिधि सबैको हुनुपर्ने र सीमित स्रोत साधनबाट असीमित काम गर्नुपर्ने बाध्यता पार्टी पंक्तिले नबुझेको जनप्रतिनिहरू गुनासो गर्छन् । कांग्रेसले पार्टी र जनप्रतिनिधिबीच सम्बन्ध सुधार्न संयन्त्र नै बनाउने निर्णय गरेको छ ।

कांग्रेस सुकिदह सभापति खड्का रोल्पामा भने पार्टी र जनप्रतिनिधि अविश्वासको वातावरण नभएको सुनाउँछन् । उनको केन्द्रीय नेताहरूलाई आग्रह छ, 'माथिका नेताहरूले रोल्पामा त कांग्रेस छैन जस्तो भावना राखिदिनु हुन्छ । कुनै भेटघाट गर्नुहुन्न् । पार्टीका माथिका नेताहरू गुट उपगुट भएर नआइदिए हुने थियो ।'

केन्द्रले बेवास्ता गरिरहेको गुनासोका बीच रोल्पा कांग्रेसले महामन्त्री गगन थापालाई निम्त्याएर ११ फागुनमा दोस्रो जिल्ला सम्मेलन तथा सभा गरेको छ । १५ वर्षपछि रोल्पा पुगेका महामन्त्री थापाले सम्मेलनलाई सम्बोधन गर्दै पार्टी भित्रको गुट अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

रोल्पामा संगठन गर्न कठिनाइ रहेको आफूले बुझेको भन्दै उनले कार्यकर्तालाई ढाडस दिए । 'आफन्त, सम्पत्ति र घरबार गुमाउनु भएको छ,' उनले भने, 'तैपनि र त्तिभर विचलित नभई टिकाउनु भएको छ । तपाईंहरूलाई म कोटी कोटी नमन गर्न चाहन्छु ।'

**"माओवादीलाई उपभोक्ता समितिको बल"**

युद्धकालीन संरचना र शक्तिको बलमा माओवादी केन्द्र रोल्पामा पहिलो दल बनिरहेको छ । सशस्त्र द्वन्द्वको १० वर्षे अवधिमा अन्य दलहरू संगठन निर्माणमा क्रियाशील हुन सकेनन् । त्यही बेलाको ब्याज माओवादीले अहिले पनि प्राप्त गरिरहेको पूर्व सांसद लेखनाथ आचार्य बताउँछन् ।

एकपक्षीय ढंगले काम गर्ने माओवादी आर्थिक अनियमिततामा पनि मुछिँदै गएकाले मत गुमाइरहेको रोल्पा कांग्रेसको विश्लेषण छ । २०५६ सालमा रोल्पाबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित आचार्य माओवादीको डर धम्की अहिले पनि कायम रहेको दाबी गर्छन् । माओवादीमा युद्धकालीन धङधङ्गी कायम हुँदा कांग्रेसको मनोबल बढ्न नसकेको आचार्य सुनाउँछन् ।

रोल्पामा माओवादीले उपभोक्ता समिति मार्फत आफ्नो बर्चश्व कायम राखिरहेको कांग्रेस नेताहरूको बुझाइ छ । विकास आयोजनामा उपभोक्ता समिति बनाउनुपर्ने र त्यसमा माओवादीका स्थानीय नेता कार्यकर्ताले पकड जमाइरहेको आचार्यले बताए । माओवादीका स्थानीय नेताहरू आर्थिक अनियमिततामा अभ्यस्त रहेकाले उनीहरू उपभोक्ता समिति छाड्न नमानिरहेको आचार्यको आरोप छ । 'उपभोक्ता समितिमा बस्न नपाउने हो भने अहिले माओवादीमा रहेका ९० प्रतिशतले दल बदल्छन्,' उनले भने ।

युद्धकालमा माओवादीले देखाएको सपना र अहिलेको व्यवहारमा आकाश जमिनको फरक रहेको कांग्रेसको बुझाइ छ । कांग्रेस माडीका सभापति नवराज डाँगी माओवादीको युद्धकालीन प्रतिबद्धता र अहिलेको व्यवहार ठिक उल्टो रहेको जिकिर गर्छन् । डाँगीका अनुसार माओवादीप्रति जनताको मत घट्दै जानुमा शहीद मार्ग पनि हो । २०७०/७१ सालमै कालोपत्रे हुनुपर्ने सडक निर्माण अलपत्र पर्दा रोल्पाली जनताले अत्यधिक सास्ती बेहोरिरहेको उनले सुनाए ।

'राज्यले पानी बगाए जसरी पैसा लगाएको छ तर, बाटो अलपत्र छ' डाँगीले प्रश्न गरे, 'अनि माओवादीप्रति कसरी जनमत बढ्छ त ?' घोराही-नुवागाउँ-तिला-घर्तीगाउँ-थवाङ-मैकोटसम्मको सडकलाई शहीद मार्ग नामाकरण गरिएको छ । यो सडकको निर्माण आर्थिक वर्ष २०६४/०६५ देखि सुरु भएको थियो । कांग्रेस र माओवादी विवाद कार्यपालिका बैठकमा समेत देखिने गरेको छ । कार्यपालिकामा माओवादीको बहुमत हुँदा कांग्रेसका अधिकांश प्रस्ताव अस्वीकृत हुन्छ । यसले दुई दलबीचको दूरी थप बढिरहेको जिल्ला तहका नेताहरू बताउँछन् ।

माडी गाउँपालिका सचिव दीपेन्द्र डीसी माओवादीले कार्यपालिकामा एकलौटी निर्णय गर्ने गरेको सुनाउँछन् । माडी पालिकाकै वडा सदस्य समेत रहेका डीसी भन्छन्, 'कार्यपालिकामा उनीहरूले लगेको प्रस्ताव निर्णय हुन्छ । हाम्रो चाहनाअनुसार निर्णय गराउनु त कल्पना बाहिरको कुरा हो । माओवादीहरू हाम्रो प्रस्ताव सुन्नै नचाहेपछि गाउँसभा नै बहिष्कार गर्नुपर्ने अवस्था बन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्न जोडबल



काठमाडौं/सरकारले सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगलाई बढावा दिनेसम्बन्धी कानुनी आधार तयार पारेको छ । सोहीअनुसार अब सबै मन्त्रालयले सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग सम्बन्धी निर्देशिका अनिवार्य कार्यान्वयन गर्नुपर्ने भएको छ ।

५ फागुनमा बसेको सचिव बैठकले सबै मन्त्रालयलाई यस्तो निर्देशन समेत दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार प्रदेश र स्थानीय तहमा समेत यसलाई कार्यान्वयनका लागि अनुरोध गर्ने निर्णय बैठकले गरेको छ । यसले स्वदेशी वस्तु प्रयोगलाई बढावा दिन सहयोग पुग्ने अपेक्षा छ ।

मन्त्रिपरिषद्को पुस पहिलो साता बसेको बैठकले 'सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग सम्बन्धी निर्देशिका २०८१' स्वीकृत गरेको थियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बनाएको यो निर्देशिकाले स्थानीय स्तरमा उपलब्ध स्रोतसाधन अधिकतम उपभोग गरी स्वदेशी वस्तु उत्पादन, रोजगारी सिर्जना, आयात व्यवस्था तथा उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्न र सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोगलाई थप प्रभावकारी बनाउने उद्देश्य लिएको जनाएको छ ।

सरकारले ल्याएको यो निर्णयको यसअघि निजी क्षेत्रले स्वागत गर्दै आफ्ना तर्फबाट समेत सोही प्रकारका वस्तु प्रयोगलाई बढावा दिने प्रतिबद्धता व्यक्त गरेको थियो ।

निर्देशिका अनुसार सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भएसम्म स्वदेशी उद्योगबाट उत्पादित पोसाक प्रयोग गर्नुपर्छ । सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी वा सेमिनारमा आवश्यक वस्तु प्रयोग गर्दा उपलब्ध भएसम्म स्वदेशी नै प्रयोग गर्नुपर्ने छ ।

स्वदेशी वस्तुको सूचीमा स्टेसनरी, कार्यालयका सामान, छपाइ सम्बन्धी सामग्री छन् । यसैगरी पोसाक, कोसेली तथा उपहार, फर्निचर, फर्निसिङ, सरसफाइ, फ्लोरिकल्चर तथा साजसज्जा वस्तु र सामग्री राखिएको छ । निर्माण सामग्री, कृषि तथा पशुजन्य उत्पादन, खाद्य र पेय पदार्थ समेत स्वदेशी प्रयोग गर्नुपर्ने भएको छ ।

**बढी मूल्य भए पनि स्वदेशी प्रयोगमा छुट**

निर्देशिकाले स्वदेशी वस्तु खरिद गर्दा विदेशी मालसामान वा वस्तुको मूल्यको तुलनामा सार्वजनिक खरिद ऐन तथा सालबसाली आर्थिक ऐन बमोजिम मूल्य बढी भए पनि स्वदेशी नै खरिद गर्नुपर्ने समेत अनिवार्य गरेको छ । यस क्रममा गुणस्तर भने कायम गर्नुपर्ने समेत निर्देशिकामा उल्लेख छ । कर्मचारीको पोसाकमा अनिवार्य स्वदेशी उत्पादन प्रयोग गर्नुपर्ने समेत निर्देशिकामा लेखिएको छ । स्वदेशी वस्तुको अधिकतम उपयोग गर्ने सार्वजनिक निकायलाई पुरस्कार समेत दिइने छ ।

त्यसो त सरकारले सार्वजनिक निकायमा स्वदेशी उत्पादन प्रयोग बढाउन पटक-पटक प्रयास गरे पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यसअघि सार्वजनिक निकायमा स्वदेशी वस्तु उपयोग गर्ने सम्बन्धी निर्देशिका २०६९ ल्याएर सरकारले यसमा बढावा दिने बताएको थियो । यसको प्रभावकारी कार्यान्वयनका लागि पटक-पटक सर्कुलर समेत जारी गरिएका थिए । सरकारले हरेक बजेटमा यसबारे उल्लेख गर्छ । तर, कार्यान्वयन प्रभावकारी हुन सक्केको छैन ।

# नेपालकी बुहारी बनिन् 'जुगजुग जियो'की हिरोइन प्रजक्ता





काठमाडौं/बलिउड फिल्म 'जुगजुग जियो' (२०२२)मा अभिनेता वरुण धवनकी बहिनीको भूमिकामा अभिनय गरेकी प्रजक्ता कोली नेपालकी बुहारी बनेकी छन् । उनले नेपाली युवक वृशांक खनालसँग मंगलबार विवाह गरेकी हुन् । उनीहरुको विवाह भारतको खालापुर सहरमा रहेको पाँचतारे रिसोर्ट ओलियन्डर फार्ममा भएको हो । दुवैले विवाहका तस्वीर सामाजिक सञ्जालमा सेअर गरेका छन् ।

विवाहमा वृशांकले सेतो शेरवानी र प्रजक्ताले सुनौलो रंगको लेहेंगा लगाएकी थिइन् । यो जोडीको विवाह हिन्दू परम्परा अनुसार भएको हो । विवाहको केही तस्वीरमा प्रजक्ताले नौगेडी र लामो तिलहरी लगाएको देखिन्छ । उनलाई बलिउड कलाकारहरु मनिषा कोइराला, हुमा कुरैसी, दीया मिर्जा, विक्रान्त मेस्सी, अनन्या पाण्डे, जरिन खान लगायतले बधाई दिएका छन् ।

वृशांक र प्रजक्ता सन् २०११ देखि प्रेम सम्बन्धमा थिए । मुम्बई विश्वविद्यालयमा सँगै अध्ययन गर्ने क्रममा एकजना संयुक्त साथीको माध्यमबाट उनीहरुबीच चिनजान भएको थियो । वृशांकसँग भेट गर्न प्रजक्ता काठमाडौं आइरहेकी हुन्थिन् । केही समयअघि उनले कमेडियन भारती सिंहको पोडकास्टमा काठमाडौं आफ्नो सबैभन्दा मनपर्ने ठाउँ रहेको बताएकी थिइन् ।

वृशांक कर्पोरेट लयर हुन् । प्रजक्ताले भने हिन्दी फिल्म तथा वेब सिरिजमा काम गर्दै आइरहेकी छन् । उनले 'जुगजुग जियो'सहित 'नियत' जस्ता फिल्म गरिसकेकी छन् । गत महिना उनी अभिनीत वेब सिरिज 'मिसम्याच्ड-३' नेटफि्लक्समा रिलिज भएको थियो । 'मोस्टलीसेन'को रुपमा परिचित उनी चर्चित युट्युबर समेत हुन् । सामाजिक सञ्जालमा प्रजक्तालाई पछ्याउनेको संख्या ठूलो छ ।

# 'फेरि रेशम फिलिली'लाई प्रिमियरमा भनियो- 'बबाल रमाइलो'




काठमाडौं/शिवरात्रिको अवसर पारेर बुधबारबाट प्रदर्शनमा आएको ९ वर्षअघिको फिल्म 'रेशम फिलिली'को सिक्वेल 'फेरि रेशम फिलिली'ले मंगलबार साँझ ललितपुरको लबिम मलमा आयोजित प्रिमियरमा उत्साहजनक प्रतिक्रिया पाएको छ । प्रिमियरमा उपस्थित प्राय:ले फिल्मको विषय उठान, कलाकारहरुको अभिनय र नव-निर्देशक निरोज महर्जनको कथावाचन शैलीको प्रशंसामा शब्द खर्चिए ।

निर्देशक तथा निर्माता अशोक शर्माले फिल्मलाई 'बबाल रमाइलो' भन्दै 'थम्सअप' गरे । 'ऊनको स्वीटर'बाट निर्देशनमा डेब्यु गरेका नविन चौहानले फिल्म राम्रो लागेको प्रतिक्रिया दिए । त्यस्तै, 'ए मेरो हजुर' सिरिजका निर्माता सुनिल कुमार थापाले फिल्म आफूले सोचेभन्दा राम्रो बनेको बताउँदै कामेश्वर चौरसियाको कामको तारिफ गरे ।

'पिताम्बर' फेम्ड निर्देशक कृषा चौलागाईंले फिल्म 'उत्कृष्ट' बनेको दाबी गरिन् । यो फिल्म नहेरे रमाइलो गर्नै विर्सिने उनको भनाइ थियो । अभिनेत्री ऋचा शर्माले 'कमेडी च्याम्पियन'पछि 'फेरि रेशम फिलिली' हेरेर आफूले 'एकदमै रमाइलो' लिएको बताइन् । अर्की अभिनेत्री शिल्पा मास्केले फिल्म 'मनोरञ्जक र सन्देशमुलक' रहेको प्रतिक्रिया दिइन् ।

प्रिमियरमा उपस्थित भएका निर्देशक तथा कवि उपेन्द्र सुब्बा, संगीतकार कालिप्रसाद बाँस्कोटा, निर्देशकहरु सुयोग गुरुङ, विशाल भण्डारी, कमेडियनहरु सुमन कार्की, भरतमणि पौडेल, कैलाश कार्की लगायतले पनि फिल्म रमाइलो बनेको बताउँदै दर्शकलाई हेर्न आग्रह गरे । प्रिमियरमा सबैभन्दा बढी तारिफ कलाकार कामेश्वर चौरसियाको अभिनयको भएको थियो ।

फिल्ममा विनय श्रेष्ठ, सुपुष्पा भट्ट, नीर शाह, कामेश्वर चौरसिया, महेश त्रिपाठी, प्रकाश घिमिरे, शिशिर वाङ्गदेल, रविन्द्र झा, लक्ष्मी गिरी, एवनराज उप्रेती, मेक्सम गौडेल, प्रकाश घिमिरे, सजन थापा लगायतको अभिनय छ । रौनक विक्रम कँडेलको निर्माण रहेको फिल्मको कार्यकारी निर्माता सुरज बम ठकुरी हुन् । फिल्मले नेपालीहरुको अमेरिका मोहको कथालाई हास्य शैलीमा भनेको छ ।

# 'हर्ष'को मुहूर्त, आँचलको ठाउँमा वर्षाको प्रवेश



काठमाडौं/दिवंगत निर्देशक शिव रेग्मीकी भान्जी एकता पौडेलको निर्देशनमा बन्न लागेको फिल्म 'हर्ष'को मुहूर्त गरिएको छ । महाशिवरात्रिको अवसर पारेर बुधबार काठमाडौंको ठमेलस्थित त्रिदेवी मन्दिरमा मुहूर्त गरिएको हो । मुहूर्त समारोहमा फिल्मका मुख्य कलाकारहरु खगेन्द्र लामिछाने, वर्षा राउत, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, सुवर्ण थापा, अंशु थापा लगायतको उपस्थिति थियो ।

यसअघि फिल्ममा खगेन्द्रसँग जोडी बाँध्ने गरी अभिनेत्री आँचल शर्मालाई अनुबन्ध गरिएको थियो । तर, आँचलको अर्को फिल्म 'जेरी अन टप'को छायांकन सकिन अझै समय लाग्ने भएपछि उनको ठाउँमा वर्षा भित्रिएकी हुन् । उनीसँग निर्माताको मंगलबार लिखित सम्झौता भएको हो । फिल्ममा सन्तोष पन्त, निमा पाण्डे, संगीता नापित, श्रृष्टि महर्जन लगायतको पनि अभिनय रहनेछ ।

यही फागुन १७ गते छायांकन सुरु हुने फिल्मको कथा निर्देशक पौडेलले लेखेकी हुन् । फिल्ममा आलोक शुक्लाको छायांकन तथा वसन्त सापकोटा र एलिश कार्कीको संगीत रहनेछ । यसमा लोकेश बज्राचार्य सम्पादक तथा सुनिल क्षेत्री कोरियोग्राफरको रुपमा छन् । फिल्मको निर्माता प्रसन्न पौडेल र विकास पौडेल हुन् भने कार्यकारी निर्मातामा हिक्मत चोखल छन् ।

'हर्ष'बाट निर्देशनमा डेब्यु गर्न लागेकी एकताले न्यूयोर्क फिल्म एकेडेमीमा फिल्म मेकिङसम्बन्धी अध्ययन गरेकी छन् । आमसञ्चार विषयमा स्नातकोत्तर समेत गरेकी उनले यसअघि केही लघु फिल्म बनाएकी छन् । 'हर्ष' पारिवारिक-सामाजिक कथामा बन्ने उनको भनाइ छ । ई-प्राइम मुभिज र अष्टलक्ष्मी प्रोडक्सन ब्यानरमा बन्न लागेको फिल्मलाई आगामी वर्ष रिलिज गर्ने लक्ष्य राखिएको छ ।

# 'पूर्ण बहादुरको सारङ्गी'का निर्देशकले सुरु गरे 'कोशेढुंगा'को छायांकन



काठमाडौं/सर्वकालीन ब्लकबस्टर फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्देशक सरोज पौडेलले नयाँ फिल्म 'कोशेढुंगा'को छायांकन सुरु गरेका छन् । महाशिवरात्रिको अवसर पारेर बुधबार च्यासलस्थित सेटमा मुहूर्त पूजा गरेपछि फिल्मको छायांकन सुरु गरिएको हो । करिब एक हप्ता काठमाडौंमा छायांकन हुनेछ । त्यसपछि बाँकी छायांकन स्याङ्जाको गाउँमा गरिने निर्देशक पौडेलले जानकारी दिए ।

फिल्ममा अभिनेत्री सुरक्षा पन्त मुख्य भूमिकामा छिन् । फिल्मको कथा उनीमै केन्द्रित हुनेछ । उनीसहित फिल्ममा आर्यन सिक्देल, सरोज खनाल, विशाल पहाडी, शेखर चापागाईं, सिरु विष्ट, उद्धव सापकोटा, सन्ध्या राना, सविता रेग्मी, सविन कट्टेल, विकास खनाल लगायतको अभिनय रहनेछ । फिल्म महिलाप्रधान रहेको निर्देशक पौडेलले बताए ।

नरदेवी फिल्मसको प्रस्तुति रहेको फिल्ममा प्रेविल कँडेल र किशोर अनुराग निर्मातामा छन् । कार्यकारी निर्माता दिनेश खड्का हुन् । बाबु श्रेष्ठले छायांकन गरिरहेको फिल्मलाई सुरेन्द्र पौडेलले सम्पादन गर्नेछन् । फिल्मको गीतमा रिदम कँडेल र आशिष अविरलको संगीत छ । कास्टिङ डिरेक्टर सुवलमणि सापकोटा हुन् ।

सरोजले निर्देशन गरेको 'पूर्ण बहादुरको सारङ्गी'ले घरेलु बक्स अफिसमा ४७ करोडमाथि व्यापार गरेको छ । यसअघि कुनै नेपाली फिल्मले यो अंक जोड्न सकेका थिएनन् । 'सारङ्गी'को अभूतपूर्व व्यापारिक सफलताले निर्देशक पौडेललाई ठूलो चुनौती थपिएको छ । उनलाई अब उत्कृष्ट फिल्म निकाल्नुपर्ने दबाब छ । निर्माताले 'कोशेढुंगा'लाई २०८२ सालमा रिलिज गर्ने लक्ष्य राखेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# फाइनलमा सधैँ अभागी नेपाल, यस्तो छ १३ हारको इतिहास




काठमाडौं, १४ फागुन/ नेपाल महिला टोली फाइनलमा सधैं अभागी बन्दै आएको छ । १३औं फाइनलमा हारपछि नेपालको 'उपविजेता' ट्याग अझै हट्न सकेन, फाइनल जिंक्स अझै तोड्न सकेन ।

एन्फाले म्यानमार, लेबनान र कीर्गिस्तान बोलाएर पहिलो पटक चार राष्ट्र सहभागी भएको इन्टर नेसनल वुमन्स फुटबल आयोजना गरेको थियो । बुधबार दशरथ रंगशालमा १५ हजार बढी दर्शकको माझ भएको च्याम्पियनसिपको फाइनलमा नेपाल म्यानमारसँग २-० ले पराजित भएपछि फेरि उपविजेतामै सीमित भयो । नेपाल फाइनलमा हारेको यो पहिलो पटक होइन । दोस्रो, तेस्रो वा चौथो पनि होइन । १३औं फाइनल हार । विश्व फुटबलमै पनि यति धेरै फाइनल कुनै टिमले हारेको छैन होला । एक हिसाबले यो अन्याय नै भयो ।

नेपाल यसअघि १२ पटक फायनलमा हारिसकेको थियो । १३औं फाइनलमा जित्ने आशा थियो । तर वरियतामा ४८ स्थान माथि रहेको म्यानमारसँग नेपालको केही जोर चलेन । दोस्रो हाफमा अर्गनाइज हुन नसक्दा दुई गोल बेहोर्दै नेपाल पराजित भयो । नेपालको महिला टिमले अन्तर्राष्ट्रिय फुटबल खेल्न थालेको चार दशक छुन लाग्दा पछिल्लो डेढ दशक नेपालले अन्तर्राष्ट्रिय स्तरमा उत्कर्ष्ट प्रदर्शन गर्दै आएको छ । यो बीचमै हो नेपालले १३ फाइनल खेलेको । तर फेरि पनि नेपाल फाइनल पुग्ने अनि पराजित हुने पुरानै परम्परा कायम रह्यो ।

नेपाल सबैभन्दा धेरे साफ वुमन्स च्याम्पियनसिपको फाइनलमा पराजित भएको छ । अहिलेसम्म साफमा ६ पटक फाइनल खेल्दा नेपाल ६ पटक नै पराजित भएको छ । यस्तै दक्षिण एसियाली खेलकुद (साग) मा पनि एक पटक भन्दा बढी नेपाल फाइनलमा पराजित भएको छ । साग ३ पटक तथा हिरो गोल्डकप, नादेज्दा कप, वाफ वुमन्स च्याम्पियनसिप र अहिले इन्टरनेसनल वुमन्स च्याम्पियनसिपमा समान १ पटक फाइनलमा पराजित भएको छ ।

नेपालले साफ वुमन्स च्याम्पियनसिपको डेढ दशक लामो इतिहासमा सर्वाधिक ६ पटक फाइनल खेले पनि अझै उपाधिविहीन छ ।

नेपाल सबैखाले गरी भारतसँग ७ पटक फाइनलमा पराजित भएको छ भने बंगलादेश र म्यानमारसँग समान दुई पटक तथा उज्वेकिस्तान र जोर्डनसँग १-१ पटक फाइनलमा पराजित भएको छ । यसअघि पछिल्लो पटक नेपालले गत अक्टोबरमा घरेलु मेदानमै भएको साफ वुमन्स च्याम्पियनसिपको फाइनल खेलेको थियो । दशरथ रंगशालमै भएको फाइनलमा नेपाल बंगलादेशसँग २-१ ले पराजित भएको थियो । यस्तै नेपाल पछिल्लो एक वर्ष भित्र महिला फुटबलको फाइनलमा पराजित भएको यो लगातार तेस्रो पटक हो । २०२४ को फेब्रुअरीमा साउदी अरेबियामा भएको वाफ च्याम्पियनसिपको फाइनलमा नेपाल जोर्डनसँग पेनाल्टी सुटआउटमा ५-३ ले पराजित हुँदै उपाधिबाट बञ्चित भएको थियो ।

दक्षिण एसियामा साफ वा सागमा यसअघि भारत नेपालको लागि बाधक बन्दै आएकोमा अब बंगलादेश पनि नेपालको लागि तगारो बन्न थालिसकेको छ । पाँच पटक साफ वुमन्स च्याम्पियनसिपको उपाधि जितेकव च्याम्पियन भारत विरुद्ध नेपालले पछिल्लो समय राम्रो प्रदर्शन गर्न थालेको छ । तर बंगलादेशसँग भने नेपाल साफमै लगातार दुई पटक फाइनलमा पराजित भयो ।

नेपालले साफमा दुई पटक सेमिफाइनलमा भारतलाई हरायो पनि । तर, पछिल्लो दुई संस्करण नेपालका लागि नयाँ टोली बंगलादेश नयाँ चुनौतीको रुपमा देखियो । सन् २०१० मा बंगलादेशको कक्स बजारबाट सुरु भएको साफ महिला च्याम्पियनसिपमा नेपाल यसअघि भारतसँग चार पटक र बंगलादेशसँग २ पटक फाइनलमा पराजित भएको छ ।

भारतसँग २०१० मा १-० ले, २०१२ मा ३-१ ले, २०१४ मा ६-० ले र २०१९ मा ३-१ ले पराजित भएको नेपाल २०२२ मा बंगलादेशसँग ३-१ र २०२४ मा २-१ ले पराजित भयो ।

यस्तै २०१० देखि नै साग महिला फुटबलमा नेपाल भारतसँग तीन पटक पराजित भएको थियो । २०१० मा बंगलादेशमा भएको ११औं सागमा नेपाल फाइनलमा भारतसँग ३-१ ले पराजित भएको थियो । सन् २०१६ मा भारतमै भएको १२औं सागमा नेपाल फाइनलमा भारतसँग ४-० ले पराजित भएको थियो भने २०१९ मा नेपालमै भएको १३औं सागमा नेपाल फाइनलमा २-० ले पराजित भएको थियो ।

यस बाहेक २०१९ मै नेपाल हिरो वुमन्स गोल्डकपमा म्यानमारसँग र त्यही वर्ष नादेज्दा कपमा उज्वेकिस्तानसँग फाइनलमा पराजित भएको थियो । गत वर्ष पहिलो पटक वेष्ट एसियन फुटबल एसोसिएसन (वाफ) च्याम्पियनसिप खेल्न गएकव नेपालले फाइनल पुगेर उपलब्धी हासिल गरेकव थियो । तर जोर्डनसँग फाइनलमा पेनाल्टी सुटआउटमा पराजित हुँदा नेपाल उपाधि नजिक पुगेको चुकेको थियो ।

अहिले पेरि एक पटक घरेलु मेदानमे भएको अन्तर्राष्ट्रिय प्रतियोगिताको पनि फाइनलमै नेपाल चुक्यो । हुनत नेपाल भन्दा म्यानमार वरियतामा धेरे अघि छ र म्यानमारको स्तर पनि राम्रो छ । तर यही प्रतियोगिताको लिग चरणमा नेपालले म्यानमारलाई २-२ को बराबरीमा रोकेर म्यानमारसँग टक्कर दिन सक्ने सन्देश दिएकव थियो ।

फाइनलमा पनि पहिलो हाफमा नेपालले म्यानमारलाई रोकेको थियो । अझ पहिलो हाफमा गोल गर्ने दुई राम्रो अवसर पाएपनि नेपालले सदुपयोग गर्न गर्न । त्यसकै मुल्य दोस्रो हाफमा नेपालले चुकायो । दोस्रो हाफमा म्यानमारले राम्रोसँग खेल्यो र दुई गोल गऱ्यो । नेपालले गोल पर्काउन प्रयास गरेपनि सफल भएन । हजारौं दर्शकको अगाडि फेरि एक पटक पराजित हुँदा नेपाली खेलाडी निराश बने । समर्थकको पनि नेपाली महिला टिमले ट्रफी उचालेको हेर्ने चाह अझै पूरा हुन सकेन ।

*(स्रोत: अनलाइनखबर)*

## ६ महिनामा २ हजार बढी ट्रेडमार्क दर्ता

काठमाडौं, १४ फागुन/ चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिना अवधिमा २ हजारभन्दा बढी ट्रेडमार्क दर्ता भएको छ ।

उद्योग मन्त्रालयका अनुसार यस अवधिमा वस्तु तथा सेवाका २ हजार ३४ ट्रेडमार्क दर्ता भएको हो । यही अवधिमा ५७ वटा ट्रेडमार्क सम्बन्धी मुद्दाको कारबाही टुंगो लगाइएको छ ।

सरकारले ट्रेडमार्क दर्तालाई पूर्णअनलाइन प्रणालीबाट सञ्चालनमा ल्याएको समेत जानकारी गराएको छ । यसका लागि ट्रेडमार्क, पेटेन्ट, डिजाइन रजिस्ट्रेसन म्यानेजमेन्ट इन्फरमेसन सिस्टम कार्यान्वयनमा ल्याइएको छ ।


## साधारणसभा तथा अधिवेशन सम्बन्धी सूचना

यस नारायणी यातायात व्यवसायी संघको ३६ औं वार्षिक साधारण सभा तथा १६ औं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने हुँदा सम्पुर्ण सदस्य व्यवसायीज्यूहरुलाई अनिवार्य उपस्थितिको निमित्त हार्दिक अनुरोध गर्दछु ।

**मिति :** २०८१।११।१७ गते, शनिबार ।
**स्थान :** पल्पसा सभाहल, हेटौंडा ।
**समय :** बिहान ८:०० बजे ।
(**पुनश्च:** सोहि दिन बिहान ७:३० बजेदेखि नेपाल मेडिसिटि अस्पताल, काठमाडौंका बिशेषज्ञ डाक्टरहरुबाट स्वास्थ्य परिक्षण समेत हुने व्यहोरा अवगत गराईन्छ।)

**सरोजकुमार खनाल**
**महासचिव**
**नारायणी यातायात व्यवसायी संघ**
**हेटौंडा, मकवानपुर**


# थाहामा नगरस्तरीय शिक्षक र निङशील्ड भलिवल प्रतियोगिता सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ थाहा नगरपालिकामा नगरस्तरीय शिक्षक रनिङशील्ड भलिवल प्रतियोगिता सुरु भएको छ ।

नेपाल राष्ट्रिय शिक्षक संगठन थाहा नगर समितिको आयोजनामा हुने प्रतियोगिता फागुन १६ गतेसम्म चल्ने छ । थाहा नगर पालिका-१ कुन्छालस्थित सुनौला माविको पुरानो खेलमैदानमा सुरु भएको खेलमा नगरका १२ वटा विद्यालयले सहभागिता जनाएको छ ।

खेल सुरु हुनुपूर्व औपचारिक रुपले प्रतियोगिताको उद्घाटन नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय महासचिव हंसबहादुर शाहीले गरेका थिए । केन्द्रीय महासचिव शाहीले शिक्षकमैत्री शिक्षा ऐनको माग गरेर आन्दोलनमा रहेको संगठनले ऐन जारी गराएपछि मात्र विश्राम लिनुपर्ने बताएका छन् ।

प्रतियोगितामा प्रथम हुने विद्यालयलाई २५ हजार, द्वितीय हुने विद्यालयलाई १५ हजार र सान्त्वना दुई विद्यालयलाई ५/५ हजार रुपैयाँ, मेडल र प्रमाणपत्रको व्यवस्था रहेको छ । प्रतियोगिताका लागि थाहा नगरपालिका, हेटौंडा सिटी कलेज एवम् विभिन्न संघसंस्था र वित्तीय संस्थाहरुले आर्थिक सहयोग पुऱ्याएको छ ।

कार्यक्रममा विशिष्ट अतिथि संगठनका जिल्ला अध्यक्ष मुकुन्द न्यापाने, नेकपा एमाले थाहा नगरअध्यक्ष सुरेन्द्रमान प्रधान, नेपाल शिक्षक महासंघका केन्द्रीय सदस्य सानोभाइ कार्की, महासंघका नगर अध्यक्ष राजाराम कार्कीलगायतले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

# स्वास्थ्य मन्त्रालयलाई महिला र समावेशी सचिव बनाउने अवसर

काठमाडौं, १४ फागुन/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिवका लागि पहिलो नम्बरमा डा. संगीता कौशल मिश्रको नाम सिफारिस भएको छ । उच्च स्रोतका अनुसार मन्त्रालयले दोस्रो नम्बरमा विकास देवकोटा र तेस्रो नम्बरमा डा. टंक बराकोटीको नाम सिफारिस गरेको छ ।

१२ फागनुदेखि स्वास्थ्य सचिव डा. रोशन पोखरेलको अनिवार्य अवकास भएपछि नयाँ स्वास्थ्य सचिवका लागि तीन जना अतिरिक्त स्वास्थ्य सचिवको नाम सिफारिस भएको हो । सम्भवत: बिहिबार बस्ने मन्त्रीपरिषद् बैठकले तीनबाट एक जनालाई नियुक्ति गर्नेछ ।

स्वास्थ्य सचिव सिफारिस समितिमा लोक सेवा आयोगका अध्यक्ष माधव रेग्मी, लोक सेवा आयोगका अध्यक्षले तोकेको आयोगका सदस्य एक सदस्य, मुख्यसचिव एकनारायण अर्याल र विज्ञका रूपमा पूर्वस्वास्थ्य सचिव डा. किरण रेग्मी सदस्य छन् भने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थ सदस्य सचिव छन् ।

समितिले १२औं तहमा सबैभन्दा पहिले बढुवा भएकाले डा. संगीताको नाम पहिलो नम्बरमा सिफारिस गरेको छ । डा. विकास र टंक भने ११औं र १२औं तहमा सँगै बढुवा भएका हुन् । 'हामीले पहिलो ज्येष्ठताको आधार र अन्य कार्यसम्पादन मूल्यांकनको आधारमा नाम सिफारिस गरेका हौं,' समितिका एक सदस्यले संचारकर्मीसँग भने ।

हालको १२औं तहमा अर्थात् अतिरिक्त सचिवको बढुवाको हिसाबले हेर्दा डा. संगीता अगाडि देखिन्छन् । उनी २३ असार २०७९ मा १२औं तहमा बढुवा भएकी हुन् । डा. विकास र डा. टंक भने १३ चैतमा २०७९ मा १२औं तहमा बढुवा भएका थिए ।

डा. संगीताले १० असोज २०७० मा खुल्ला प्रतिस्पर्धाबाट ११औं तहमा नाम निकाल्दै पुन: स्वास्थ्य सेवामा काम सुरु गरेकी हुन् । उनले कोराना महामारीमा कोशी अस्पताल व्यवस्थापन एकदमै चुस्त गरेकी थिइन् । सरकारले छोटो समयमै कोशी अस्पतालमा गरेको प्रशासनिक क्षमता अब्बल रहेको ठहर गर्दै परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको जिम्मेवारी दिएको थियो ।

डा. संगीताकै अग्रसरताले नेपालमा पहिलो पटक 'ह्युमन मिल्क बैंक' को स्थापना पनि भयो । त्यसपछि स्वास्थ्य मन्त्रालयको समन्वय महाशाखा र प्रवक्ताको जिम्मेवारी समेत सम्हालेकी डा. मिश्र स्वास्थ्य सेवा विभागको महानिर्देशक समेत भइसकेकी छिन् ।

२०५३ सालदेखि स्वास्थ्य सेवामा प्रवेश गरेको डा. देवकोटाले मेडिकल अधिकृतदेखि जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, अञ्चल अस्पताल, मन्त्रालयको महत्त्वपूर्ण महाशाखा प्रमुख, लुम्बिनी प्रदेश सचिवको जिम्मेवारी सम्हालेका छन् । उनले हाल स्वास्थ्य सेवा विभागको महानिर्देशकको जिम्मेवारीमा छन् ।

डा. टंकले २०५६ सालदेखि सेवा सुरु गरेका हुन् । उनले मेडिकल अधिकृतदेखि विभिन्न जिल्लाको निर्देशक समेत भएका छन् । लामो समय मेची अस्पतालमा काम गरेका डाक्टर टंक १२औं तह बढुवा भएपछि मात्र मन्त्रालयमा आएका हुन् ।

स्वास्थ्य मन्त्रालयको सचिव पदमा नियुक्तिका लागि कानुनी र राजनीतिक दुवै पक्षले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ । ज्येष्ठताको आधारमा पहिलो नम्बरमा रहनु, महिला र समावेशी हुनुले डा. मिश्रलाई सचिव बनाउनु पर्ने मन्त्रालयका अधिकारीहरूको तर्क छ । यस्तै दोस्रो सेवा प्रवेशको आधारमा हेर्दा र मन्त्रालयका विभिन्न महाशाखाको लामो अनुभव लिइसकेका डा. देवकोटाले पनि सचिव बन्नका लागि पहल गरिहेका छन् । गृह जिल्ला झापाका डा. बाराकोटी पनि प्रतिस्पर्धामा छन् ।

*(स्रोत: अनलाइनखबर)*


**हेटौंडा उपमहानगरपलिका**
**२ नं. वडा कार्यालय**
**हेटौंडा-२, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिर्सौं,
- नियमित सवारी साधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोवाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालवालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिंड्न प्रेरित गरौं ।


# कैलाशमा तेस्रो अध्यक्षकप फुटवल सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ मकवानपुरको कैलाश गाउँपालिकामा बुधबारबाट पालिकास्तरीय अन्तर वडा तेस्रो अध्यक्ष कप फुटबल प्रतियोगिता सुरु भएको छ ।

गाउँपालिकाको आयोजना तथा गाउँपालिका खेलकुद विकास समितिको व्यवस्थापनमा प्रतियोगिता सुरु भएको हो । समितिका संयोजक मोहन वाइबाको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुखआतिथ्यता र उपाध्यक्ष बालकुमार मल्लको विशेष आतिथ्यतामा प्रतियोगिता गरिएको हो । वडा नम्बर ९ नामटारस्थित खेलमैदानमा भएको उद्घाटन खेल वडा नम्बर १ र ७ बीच भएको थियो । खेलमा वडा ७ ले २-१ गोलअन्तरले पराजित गर्दै विजयी सुरुवात गरेको छ ।

खेलको पाँच मिनेटमा वडा नं. ७ का सन्तोष मुक्तानले पहिलो गोल गरेका थिए । दोस्रो हाफको १९ औं मिनेटमा सागर चेपाङले एकगोल थप गरेका थिए । वडा नं. १ को तर्फबाट भने शिशिर नेगीले थप गरेको २ मिनेट (२५+२) मा एक गोल फर्काएका थिए । खेलको म्यान अफ द म्याच वडा नं. ७ का सागर चेपाङ घोषित भए । उनलाई गाउँपालिका अध्यक्ष मुक्तानले ट्रफि प्रदान गरेका थिए ।

दोस्रो खेलमा वडा नं. ४ पेलान्टी सुट आउटबाट विजयी भएको छ । निर्धारित समयमा बराबरी १-१ गोल भएपछि खेल पेलान्टी सुट आउटमा पुगेको थियो । पेनाल्टीमा वडा ४ ले ५ गोल गरेको थियो भने वडा २ ले ४ गोल गरेको समितिका सदस्य रवीन्द्र थिङले बताए । खेलको म्यान अफ द म्याच वडा ४ का गोलरक्षक सबल प्रजा घोषित भए । नकआउट चरणमा खेलाइएको खेलमा विहीबार चार खेल हुने आयोजकले जनाएको छ ।

पहिलो खेल वडा १० र ६ बीच हुनेछ भने दोस्रो खेल वडा ५ र ३ बीच हुने आयोजकले जनाएको छ । तेस्रो खेल वडा ७ र ९ बीच र चौथो खेल वडा ४ र ८ बीच हुने समितिका संयोजक वाईबाले बताए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, वडा २ का अध्यक्ष राजेन्द्र घिसिङ, वडा ३ का अध्यक्ष देवलाल बल, वडा ७ का अध्यक्ष उदासकुमार भोलन, वडा ९ का अध्यक्ष भुवन घलानलगायतको अतिथ्यता रहेको थियो ।

**मैत्रीपूर्ण खेलमा कैलाश विजयी**

कैलाश गाउँपालिका र मकवानपुरगढी गाउँपालिकामा कार्यरत कर्मचारीबीच भएको मैत्रीपूर्ण फुटबल खेलमा कैलाश गाउँपालिका विजयी भएको छ । कैलाश गाउँपालिकाको आयोजनामा भएको खेलमा १-० गोल अन्तरले कैलाश विजयी भएको हो । कैलाशका रोजगार संयोजक हस्तराम नेगीले गरेको गोल नै निर्णायक गोल बन्न पुगेको थियो । उनले थ्रो मार्फत् मैदानमा फालिएको बल गोल हुन पुगेको थियो ।

विजेतालाई ट्रफि र मेडल, उपविजेतालाई मेडल प्रदान गरिएको थियो । मैत्रीपूर्ण फुटबलमा खेलकुद विकास समितिका संयोजक मोहन वाईबाको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा प्रतियोगिता गराइएको हो । कार्यक्रममा पालिका उपाध्यक्ष बालकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, मकवानपुर गढीका वरिष्ठ लेखाअधिकृत रामकृष्ण श्रेष्ठको नेतृत्वमा पालिकामा कार्यरत कर्मचारीको सहभागिता थियो ।


**हेटौंडा उपमहानगरपलिका**
**५ नं. वडा कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## आगलागी घटनाबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं

- सलाई, लाईटर, मट्टीतेल र ग्यास जस्तो आगो लाग्ने सामाग्रीहरुलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस् ।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्,
- आगो लाग्ने समय भएकोले बिशेष सावधानी अपनाउनुहोस् ।
- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं ।

*आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।*

## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
| --- | --- | --- |
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना